# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## आलिताल गाउँपालिका
### डँडेलधुरा




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## आलिताल गाउँपालिका

### डँडेलधुरा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## आलिताल गाउँपालिका

## डँडेलधुरा


महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्ष**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय सुदूरपश्चिम प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ५२२

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
आलिताल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
डडेल्धुरा ।

**कैफियत सहितको राय**

हामीले आलिताल गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.२ करोड ४८ लाख ७७ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रू.१ लाख ४ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.५ लाख ३९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड १९ लाख ४५ हजार, नियमित गर्नुपर्ने रू.१७ लाख ४० हजार र पेश्की रू.५ लाख ५० हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रू.९ करोड ८३ लाख ८८ हजार बेरुजू बाँकी रहेकोमा सम्परीक्षणबाट फस्यौंट एवं यो वर्ष कायम भएको बेरूजू समेत हालसम्मको अद्यावधिक बेरुजू रू.११ करोड ७ लाख ७४ हजार रहेको छ ।गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ताराप्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

आलिताल गाउँपालिका, डडेल्धुरा

## १. चालु वर्षको बेरुजू २०७८।७९

### १.१. बेरुजू बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रू. हजारमा)*

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३६ | १० | २४८७७ | ० | १ | १०४ | ३६ | ९ | २४७७४ | ५३९ | १७४० | २१९४५ | ० | ० | २३६८५ | ५५० |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | १८.१ | वडा नं. ३ को तेस्रो चौमासिकको रकम वितरण गर्दा लगत कट्टा गर्नुपर्ने व्यक्तिहरूलाई भत्ता वितरण गरेको पाईएकोले सामाजिक सुरक्षा रकम वढी भुक्तानी भएको असुल गर्नुपर्ने सम्बन्धमा भौचर पेश भएको आधारमा। | १,०३,७५६। |
| | | **जम्मा** | **१,०३,७५६।** |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रू. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| आलिताल गाउँपालिका, डडेल्धुरा | ९८३८८ | ० | १२३८८ | ८६००० | ० | २४७७४ | ११०७७४ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : आलिताल गाउँपालिका, डडेलधुरा , अलिताल गाउँपालिका , डँडेलधुरा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नरेन्द्र सिंह ठगुन्ना | २०७९-६-२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | पारसमणी साउद | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | २४,७७३,७०० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १,६४,४८९.१३ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३२,६५,५३,४८७.४ | **चालु खर्च** | २८,३९,२७,३६६.१ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,१३,०३,४४२ | **पूँजीगत खर्च** | १४,९४,१८,३२३.८ |
| **राजश्व बाँडफाँट** | ७,५८,०९,४१३.४५ | **वित्तीय/अन्य व्यवस्था** | ६,४५,६०,२१५.१३ |
| **आन्तरिक आय** | ४०,०४,३३३.४२ | | |
| **अन्य आय** | ६,५०,९७,५५१.५४ | | |
| **कुल आय** | ५०,२७,६८,२२७.८१ | **कुल खर्च** | ४९,७९,०५,९०५.०३ |
| **बाँकी मौज्दात** | | २,१३,११,२३५.१८ | |

| **क्रम** | **भौचर** | **भौचर मिति** | **बिषय** | **बेरुजु रकम** |
|---|---|---|---|---|

| | न म्बर | | | |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४२ जना निर्वाचित जनप्रतिनिधिहरु रहेका छन । यस गाउँपालिकामा २९२.८६ वर्ग किलोमिटर क्षेत्रफल तथा १८ हजार १ सय २५ जनसंख्या रहेको छ ।<br><br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| २ | | | **आर्थिक सहायता**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु ५००० देखि ३५००० सम्म १२६ व्यक्तिलाई जम्मा रु १८६७०००। आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| ३ | | | **सम्पत्ति हस्तान्तरण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा<br><br>जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणाली तर्फ :** | |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याकं संकलन अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नमा गरेको पाइएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नर्मा तयार गरेको पाइएन । स्थनीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष सुरु हुनुभन्दा १५ दिन अगावै पालिकाले आफ्नो क्षेत्र भित्रको निर्माण सामाग्री मूल्य ज्याला भाडा तथा अन्य महशुलको स्थानीय न्यूनत्तम दररेट तोक्नुपर्नेमा तोकिएको पाइएन९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाइएन ।य<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार नगरेको , सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को व्यवस्था अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्ने गरेको देखिएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (७४ ) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | | | **बजेट तर्फ** | |
| ५.१ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना | |

<table>
<tr><td></td><td></td><td></td><td>हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५.२</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थिति: स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><td rowspan="2">क्र.स</td><td rowspan="2">क्षेत्र</td><td rowspan="2">बजेट</td><td rowspan="2">खर्च</td><td>खर्च प्रतिशत</td></tr>
<tr><td>जम्मा खर्चको तुलनामा</td></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>७२२४९०००</td><td>५७६९३५३१.८१</td><td>१३</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>७९२०७०००</td><td>६०५०८९३५</td><td>१३</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>२४६०८३०००</td><td>२१७६१७७३२.४</td><td>५०</td></tr>
<tr><td>4</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>३८८७८०००</td><td>२६१६७१८३</td><td>७</td></tr>
<tr><td>5</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>८२०५६०००</td><td>७१३५८३०७.७</td><td>१७</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५१८४७३०००</td><td>४३३३४५३८९.९</td><td>१००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाबाट भएको खर्च मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ५० प्रतिशत , प्रशासनिक तथा कार्यालय संचालन मा १७ प्रतिशत , आर्थिक र पूर्वाधार विकासमा १३ ।१३ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा ७ प्रतिशत खर्च गरेको छ । प्रशासनिक खर्चको अनुपात घटाउँदै पुर्वाधार विकास जस्ता क्षेत्रमा खर्च बृद्धि गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>लक्ष्य प्रगति<br><br>कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयन<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७८÷७९ को अध्ययन गर्दा</td><td></td></tr>
</table>

पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| ५२ | ५३ | ४१ | ६ | ९ | १३१ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु १०००० देखि लाख देखि ७९ लाख सम्मका जम्मा १३१ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ५२ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

८

**खर्च बिश्लेषणः**

गाउँपालिकाले यस बर्ष कुल आन्तिरक आयबाट रु४००४३३३.४२ राजस्व बाँडफाँड र अनुदानबाट रु ४३३६६६३४३, अन्य आय रु ६५०९७५५१.५४ समेत रु ५०२७६८२२७.८१ आम्दानी भएकोमा चालु तर्फ रु २८३९२७३६६ र पूँजिगत तर्फ रु १४९४१८३२३.८ र बित्तिय ब्यबस्था तर्फ रु ६४५६०२१५.१३ समेत रु ४९७९०५९०५.०३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.८० प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु ६६८५५०० खर्च भएको छ जुन आन्तरिक आयको १६६.९५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५६.४७ प्रतिशत चालु र २९.७९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको

देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

९

**कोभिड खर्च**

कोभिड १९ को माहामारीबाट मुक्त खोप अभियानमा रु ३८८००। खोप सुपरीवेक्षण रु २२०५०। समिक्षा गोष्ठी रु ३५०५०। क्याम्प संचालन रु ५५६५०। समेत जम्मा रु १५१५००। खर्च भएको छ ।

| **आम्दानी स्रोत** | **रकम रु.** | **खर्च शिर्षक** | **रकम रु.** |
|---|---|---|---|
| गत बर्षको बाँकी | ५८७०२३ | राहत वितरण | |
| स्थानीय तहको आफ्नै बजेटवाट | ४५०००० | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | |

| | | | |
|---|---|---|---|
| संघीय कोभिड कोषवाट | | औषधी एवं स्वास्थ्य उपकरण खरिद | |
| प्रदेश कोभिड कोषवाट | | आइसोलेसन केन्द्र निर्माण | १२९७४६ |
| अन्य स्रोतबाट | | खोप कार्यक्रम खर्च | १३८७०० |
| | | जोखिम भत्ता | |
| | | अन्य खर्च | ३६६३०० |
| | | बाँकी (मौज्दात) | ४०२२७७ |
| **जम्मा** | १०३७०२३ | **जम्मा** | १०३७०२३ |

| | | | | |
|---|---|---|---|---|
| १० | | | **कोष तर्फः** | |
| १०.१ | | | **कल्याण कोष**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.५०००००।- ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट एक कर्मचारीको मृत्यु भएकोले रु ९८९७१७ निजको नाममा भुक्तानी गरी खर्च गरेको छ । यसरी कानुनको व्यवस्था नगरी भुक्तानी गरेको रकम नियम संगत नभएको रू. | ९८९,७१७ |
| १०.२ | | | **विपद् व्यवस्थापन कोष** – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । गाँउपालिकाले गत बर्षको मौज्दात समेत ५८७०२३।३० यो वर्षको आम्दानी रु १००००। समेतले जम्मा रु १५८७२३ र खर्च रु ११८४७४६ र बाँकी रु ४०२७७९।२० देखिन्छ । | |
| ११ | | | **वित्तीय विवरण :** | |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीयसरकारसञ्चालनऐन, २०७४ को नियम ७२ गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाब राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपिलका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएको व्यहोरा देहाय बमोजिम छन् ।<br><br>सामाजिक सुरक्षा खर्च रु ५३२०७८५५ प्रशासकिय भवन रु ५०००००० र रु ५०५८७ गरिबसँग विश्वेस्वर रु ४५५००० री कुल जम्मा रु ५८६६२८५५ सुत्रमा समाबेश नभएको र म.ले.प.फा न २७२ ले सबै कारोबाको आर्थिक विवरण तयार भैसकेको देखिन्छ । | |
| १२ | | | **कानून निर्माण एवं कार्यान्वयन** | |
| १२.१ | | | **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन, ३ वटा नियमावली, ३५ कार्यविधि लगायत ४८ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| १२.२ | | | **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष कुल १५ विवाद दर्ता भएकोमा ६ वटा मात्र फछ्र्यौट भई ९ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १३ | | | **सेवाप्रवाहको स्थिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार १० वटा ऐन, ३ वटा नियमावली र ३५ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | जम्मा |
|---|---|
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ८५२ |
| मृत्युदर्ता | ११० |
| बसाईसराई दर्ता | ५२३ |

| | |
|---|---|
| विवाह दर्ता | २०७ |
| सम्बन्धविच्छेद दर्ता | ५ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | |
| कालोपत्रे सडक मर्मत | |
| ग्राभेल सडक निर्माण | |
| ग्राभेल सडक मर्मत | |

१४ **संगठन तथा कर्मचारी व्यवस्थापन**

१४.१ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ५४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका लेखा अधिकृत पद सहित ८ पद रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१४.२ **कर्मचारी करार** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर संगठन तथा व्यवस्थापन सर्भेक्षण नगरी नगरपालिकाले विभिन्न कार्यालय सहयोगी र कृषि जेटिए पदमा ४५ जना कर्मचारीहरु करारमा राखि रु.९२२९३९६।- खर्च लेखेकोले स्थानीय सरकार सञ्चालन ऐनको पालना हुनुपर्दछ ।

१४.३ **वडा सचिवको पदपूर्ति** : पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td>८</td><td>८</td><td>७</td><td>१</td></tr></table> | |
| १५ | | | **वित्तीय विवरण—**<br><br>स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाब राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । साथै सबै कारोबार सुत्रमा समाबेश गरी हिसाबमा एकरुपता कायम राख्नुपर्नेमा यस गाउँपालिकाको सामाजिक सुरक्षा खर्च रु ५३२०७८५५.७३ सुत्रमा समाबेश नभएको देखिएकोले यस खर्चलाई पनि सुत्रमा समाबेश गर्नुपर्दछ । | |
| १६ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १७ | | | **पोषण कार्यक्रम :**<br><br>**न्यून प्रगति :** पोषण सुधारका लागि विपन्न महिला समुह वा सहकारीलाई विपन्न सदस्यरहुको आय आर्जन सुधार कार्यक्रम अनुदान रु ६३१०००। विनियोजन भई रु ६३१०००। खर्च, पोषण सुधारका लगि विद्यालयमा खानेपानी तथा सरसफाई योजना निर्माण वा मर्मत संभारको रु ८०००००। विनियोजन भई रु ६८५०००। पोषण विशेष (स्वास्थ्य) रु ३०००००। र पोषण संवेदनशील (खानेपानी तथा सरसफाई, कृषि पशु सेवा, महिला तथा बालवालिका, शिक्षा र शासकीय प्रबन्ध) क्षेत्रको कार्यक्रमहरु संचालन रु १५९०००। विनियोजन भई रु १९९७४७५। खर्च भई कुल विनियोजित रु ३३०००००। मध्ये १९९७४७५। अर्थात ६०.५२ प्रतिशत मात्र खर्च भएको छ । | |
| १८ | | | **सामाजिक सुरक्षा तर्फ** | |
| १८.१ | | | **सामाजिक सुरक्षा रकम बढी भुक्तानी-** | ० |

| | | | | |
|---|---|---|---|---|
| | | | (प्रारम्भिक प्रतिवेदन उपर असूल भई भौचर पेश भएको आधारमा मिति २०७९।१२।२१ को निर्णयबाट रु.१०३७५६।-सम्परीक्षण गरिएको ।) | |
| १८.२ | | | सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेमा समयमै सो कार्य भएको छैन ।मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लगातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेखबाट कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा सामाजिक सुरक्षाको मुल अभिलेख पेश भएको छैन । यसले गर्दा लाभग्राहीको यथार्थ तथ्याङ्क एकिन गर्न सकिएन । | |
| १८.३ | | | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १२ मा लाभग्राहीको नाम खर्ता तथा नविकरण, लगत कट्टा, तोकिएको मितिभित्रै परिचय पत्र नविकरण गरि सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने उल्लेख छ यस गाउँपालिकाले सो कार्यविधि अनुरुप समयमै लगत कट्टा गर्ने, विवरण अध्यावधिक गर्ने गरेको पाइएन । | |
| १९ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम–** <br><br> स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन। कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको,अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ६३९ जनालाई रोजगारी उपलव्ध गराई रु. ३४६०४४६।- खर्च गरेको छ । लक्षित वर्गलाई ९४ दिनदेखि ९६ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र <br><br> कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |

<table>
<tr><td>२०</td><td></td><td></td><td>कृषि तर्फः</td><td></td></tr>
<tr><td>२०.१</td><td></td><td></td><td>प्रगति : प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०७८ अनुसार उत्पादन वृद्धि गर्ने, उत्पादन लागत कम गर्ने र आत्म निर्भरता बढाउने उद्देश्य वार्षिक कार्यक्रम तोकि पठाइएकोमा सो कार्यक्रममा तोकिएको लक्ष्य अनुरुपको प्रगति हासिल नभएकोले लक्ष्य अनुसार प्रगति हासिल गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।<br>
<table>
<tr><th>सि.नं.</th><th>कार्यक्रम</th><th>ईकाई</th><th colspan="2">वार्षिक</th><th>बजेट</th><th>खर्च बजेट</th><th>प्रगति प्रतिशत</th></tr>
<tr><td>१</td><td>उन्नत वीउ वितरण प्रोत्साहन</td><td>पटक</td><td>२</td><td>०</td><td>२००</td><td>०</td><td>०</td></tr>
<tr><td>२</td><td>खाद्यान्न बाली उपयोग मुल्यमा अनुदान</td><td>पटक</td><td>२</td><td>०</td><td>१२००</td><td>०</td><td>०</td></tr>
<tr><td>३</td><td>मकै उत्पादन प्रवर्धन कार्यक्रम</td><td>पटक</td><td>१</td><td>१</td><td>२५००</td><td>८९९</td><td>३५.९६</td></tr>
<tr><td>४</td><td>आलु पकेट कार्यक्रम</td><td>संख्या</td><td>२</td><td>२</td><td>१२००</td><td>८००</td><td>६६.६६</td></tr>
<tr><td>५</td><td>गा.पा. कृषि प्रसार कार्यक्रम</td><td>वार्षिक</td><td>३</td><td>२</td><td>३९७०</td><td>२५४१</td><td>६४</td></tr>
</table></td><td></td></tr>
<tr><td>२०.२</td><td></td><td></td><td>अनुगमन प्रतिबेदन पेश हुनुपर्ने : कृषि तर्फको कार्यक्रममा तरकारी किट वितरण, अलु वितरण, फलफुल विरुवा वितरण लगायत कार्यक्रममा रु २५४१००० रकम अनुदान दिइएकोमा सो कार्यक्रमको प्रगति तथा अनुगमन प्रतिबेदन लेखापरीक्षणको क्रममा पेश नभएकोले उक्त कार्यक्रमको प्रभावकारीता सुनिश्चित हुने अनुगमन प्रतिबेदन पेश हुनुपर्दछ ।</td><td>२,५४१,०००</td></tr>
<tr><td>२१</td><td></td><td></td><td>स्वास्थ्य तर्फ :</td><td></td></tr>
<tr><td>२१.१</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ (११औ संशोधन) को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर रु.४०८२९४०।- का औषधी सोझै खरिद गरेको देखिएकोले नियम संगत देखिएन । जिम्मेवार पदाधिकारीलाई जवाफदेही बनाउनुपर्दछ ।<br>
<table>
<tr><th colspan="4">गा.पा. चालु औषधीजन्य सामान खरिद</th></tr>
<tr><td>भौचर नं.</td><td>मिति</td><td>सप्लायर्सको नाम</td><td>रकम</td></tr>
<tr><td>८९४</td><td>२०७९।०३।१३</td><td>अभिषेक फर्मा</td><td>४८०९३३।</td></tr>
<tr><td>८९५</td><td>२०७९।०३।१३</td><td>डोब छुणी फर्मा</td><td>२९६१९९।</td></tr>
</table></td><td></td></tr>
</table>

| संघीय सरकार हस्तान्तरण कार्यक्रम, आधारभुत तथा आकस्मिक औषधी खरिद | | | |
|---|---|---|---|
| भौचर नं. | मिति | सप्लायर्सको नाम | रकम |
| २५ | २०७८।०७।१४ | अभिषेक फर्मा | ९०६८०। |
| २६ | २०७८।०७।१४ | मेघा मेडिसिन सप्लायर्स | ४९१५४०। |
| ३९ | २०७८।०८।०६ | ॐ शिवम सर्जिकल एण्ड सप्लायर्स | १४१९२८। |
| ४० | २०७८।०८।०६ | ॐ शिवम सर्जिकल एण्ड सप्लायर्स | ७३३०५ |
| ४३ | २०७८।०८।०६ | अभिषेक फर्मा | ३१२२६। |
| १४० | २०७८।११।३० | अभिषेक फर्मा | ४९७६१९। |
| १७० | २०७८।१२।१३ | मेगा मेडिसिन सप्लायर्स | ४२२६१७। |
| १९० | २०७८।१२।२२ | सुपा मेडि सप्लायर्स | ४९०३४१। |

खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन,

औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको,

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

<table>
<tr><td>२१.२</td><td></td><td></td><td>अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका, २०७५ नियम ७.१.१५ अनुसार तालिम केन्द्र बाहेक अन्य निकायबाट संचालित सबै प्रकारका तपसिलका स्रोत व्यक्ति प्रशिक्षकको पारिश्रमिक वापत कक्षा संचलन ६००। कार्यपत्र वापत रु ७०० बुक्षतनी गर्नु पर्ने उल्लेख छ । निम्ननुसारको कार्यक्रममा कार्यपत्र बगेर भुक्तानी भएकोले कार्यपत्र पेश गर्नु पर्ने अन्यथा असुल उपर गर्नुपर्ने ।
<table>
<tr><th>भौ.नं./मिति</th><th>कार्यक्रमको नाम</th><th>शेसन</th><th>भुक्तानी लिएको</th><th>पाउनुपर्ने</th><th>असुल रकम</th></tr>
<tr><td>७१/०७८।८।२४</td><td>स्वास्थ्य व्यवस्थापन समितिको क्षमता अभिवृद्धि</td><td>२४</td><td>३३६००।</td><td>१४४००।</td><td>१९२००।</td></tr>
<tr><td>८९/०७८।१०।१०</td><td>पोषण योजना तर्जुमा गोष्ठी</td><td>६</td><td>८४००।</td><td>३६००।</td><td>४८००।</td></tr>
<tr><td>१३०/०७८।१०।२४</td><td>नमूना पोषण टोल अभिमुखीकरण गोष्ठी</td><td>१२</td><td>१६८००।</td><td>७२००।</td><td>९६००।</td></tr>
<tr><td>१३५/१०।३०</td><td>सुरक्षित गर्भपतन सम्बन्धी अभिमुखिकरण गोष्ठी</td><td>९</td><td>१२६००।</td><td>५४००।</td><td>७२००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७१४००।</td><td>३०६००,</td><td>४०८००।</td></tr>
</table></td><td>४०,८००</td></tr>
<tr><td>२२</td><td></td><td></td><td>शिक्षा तर्फ</td><td></td></tr>
<tr><td>२२.१</td><td>१६७</td><td>२०७९-३-२३</td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा परेका निम्नानुसारका विद्यालयहरुको नाममा दुई कोठे र चार कोठे भवन निर्माणको लागि निम्नानुसार विद्यालयहरुको नाममा निकासा खातामा जम्मा गरी खाता रोक्का गरको देखियो शिक्षा तथा मानव विकास केन्द्र च नं २२५ २०८९।०३।१७ को पत्रानुसार कोभिड १९ प्रभावका कारण भएको ढिलाइ त्रैमासिक श्रोत फुकुवामा भएको ढिलाइ र स्थानीय तहको निर्वाचन केन्द्रित गतिविधि जस्ता प्राविधिक तथा प्रशासनिक कारणले उक्त क्रियाकलापहरु चालू आ व २०७८।०७९ भित्र सम्पन्न गर्न प्राविधिक एवम व्यवहारिक रुपमा पनि कठिनाइ हुने देखिएकोले विद्यालयको आर्थिक वर्ष विनियोजिन वजेटबाट कार्य सम्पन्न हुन नसकेको अवस्थामा उक्त विद्यालयहरुलाई सोही प्रायोजनको लागि आगामी आर्थिक बर्षको लागि बजेट विनियोजन नभएकोले लेखा परिक्षण प्रातिवेदन सामाजिक परिक्षण लगायतको सम्बन्धित विद्यालयहरुलाइ नै जिम्मेवार र जवाफदेही वनाउने उदेश्य अनुरुप स्वकृत कार्यक्रमको लागि विनियोजित भएको रकम समब्नधित विद्यालयहरुलाइ यथासिघ्र निकासा दिइ निर्माण कार्य सम्पन्न नभइ बाकी रहेको रकम रोक्का राखी प्रगतिको आधारमा रकम फुकुवा गर्नेगरी सम्पन्न हुन बाकी काम यथासिघ्र सम्पन्न गराउने आवश्यक व्यवस्था मिलाउन हुन यस केन्द्रको मिति २०७९।०३।१७ निर्णय अनुसार ७ विद्यालयलाई रु १ करोड ९० लाख निकासा दिएको छ । यसरी आ व को अन्त्यमा निकासा दिएको कामको कार्यसम्पन्न प्रतिबेदन र अनुगमन प्रितबेदन पेश हुनुपर्ने रू.
<table>
<tr><th>क स</th><th>विद्यालयको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>श्री वसन्त प्रा.वि. आलिताल-०२, बोरगाउँ</td><td>१८०००००।</td></tr>
<tr><td>२</td><td>श्री सरस्वती मा.वि.आलिताल-०५, भित्रीसैन</td><td>३६०००००।</td></tr>
</table></td><td>१९,०००,००</td></tr>
</table>

| | | |
|---|---|---|
| ३ | श्री स्यालचौडी मा.वि. आलिताल-०३ चौड | १८०००००। |
| ४ | श्री सिद्धभगवति मा.वि., आलिताल-०६ दोवाटा | १८०००००। |
| ५ | श्री भुवनेश्वरी मा.वि., आलिताल-०१, हर्तोला | ३६०००००। |
| ६ | श्री महादेव मा.वि., आलिताल-०७, खिन्नेभाडी | ३६०००००। |
| ७ | श्री जगदम्बा प्रा.वि., आलिताल-०६, बास्कोटा | १८०००००। |
| ८ | श्री दुर्गा मा.वि. आलिताल-०८, डोला | १००००००। |
| | जम्मा | १९०००००० |

२२.२

**शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ६४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । तल प्रस्तुत विवरणका आधारमा ६८ विद्यालय मध्ये १० विद्यालयमा दरबन्दी शुन्य तर शिक्षकहरु कार्यरत रहेकोले त्यस्तो विद्यालयलाई मर्ज गर्ने तर्फ ध्यान दिनुपरद्छ ।

निम्न विद्यालयहरुको विद्यार्थी संख्या र शिक्षक संख्याको तुलना गर्दा ३ कक्षा सञ्चलन भएकोमा १ मात्र शिक्षक रहेको पाईएको छ । ३ वटा कक्षा सञ्चालन रहने अवस्थामा १ वटा मात्र शिक्षकले अध्यापन गराउने देखिएकोले यस्मा ध्यान जानुपर्दछ ।

शिक्षक तथा विद्यार्थी संख्या कम भएको अवस्थामा विद्यालय मर्जमा जानुपर्ने प्रावधान सहित विद्यालय समायोजन कार्यविधि २०७७ समेत लागु भएको अवस्था छ । भौगोलिक दुरी , विकटता लगायतका आधारमा अध्ययन गरी विद्यालय समायोजनमा जान सकिने उल्लेख भएकोमा सो अनुसार पालिकाले आगामी दिनमा शिक्षक दरबन्दी मिलान तथा समायोजन को कार्य गर्नुपर्ने देखिन्छ ।

| क्र.सं. | विद्यालय | ठेगाना | कक्षा ५ सम्म जम्मा विद्यार्थी सङ्ख्या ( शैक्षि सत्र २०७८) | हाल कायमरहेको शिक्षक दरवन्दी | | | | | | अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | राहत | स्वीकृत दरवन्दी | | | | राहत र स्वीकृत गरी जम्मा | |
| | | | | | करार | स्थायी | रिक्त | जम्मा स्वीकृत | | |
| १ | आलिताल प्रा वि | आलिताल-३, चनला | 32 | १ | ० | १ | | १ | २ | 16 |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | सेलालिङ्ग प्रा वि | आलिताल-३, बुडुम | 72 | २ | ० | १ | | १ | ३ | 24 |
| ३ | बलवान प्रा वि | आलिताल-५, सिराडी | 22 | १ | १ | ० | १ | १ | २ | 11 |
| ४ | समैजी आ वि | आलिताल-८, कुर्जेनी | 93 | १ | ० | २ | | २ | ३ | 31 |
| ७ | भगवती प्रा वि | आलिताल-५, पर्सेरावल | 10 | ० | ० | १ | | १ | १ | 10 |
| ८ | गौरीशङ्कर मा वि | आलिताल-७, मेलगाँजा | 83 | १ | १ | २ | | ३ | ४ | 21 |
| ९ | बालकल्याण आ वि | आलिताल-५, बाहिरीसैन | 135 | ३ | ० | ३ | | ३ | ६ | 23 |
| १० | रौलेश्वर प्रा वि | आलिताल-६, फल्लेखर्क | 44 | १ | १ | ० | | १ | २ | 22 |
| ११ | जगदम्बा प्रा वि | आलिताल-६, बास्कोटा | 41 | ० | ० | २ | | २ | २ | 21 |
| १२ | गणेश आ वि | आलिताल-६, धिमाडा | 79 | २ | ० | २ | | २ | ४ | 20 |
| १३ | सरस्वती प्रा वि | आलिताल-६, नदीगडा | 64 | ० | १ | १ | १ | ३ | ३ | 21 |
| १४ | दुर्गा मा वि | आलिताल-८ ,डोला | 126 | ० | १ | ४ | ० | ५ | ५ | 25 |
| १६ | कृष्ण प्रा वि | आलिताल-४, सैनग्वान्नी | 51 | १ | १ | १ | ० | २ | ३ | 17 |
| १८ | सरस्वती मा वि | आलिताल-५, भित्रीसैन | 149 | १ | ० | ४ | ० | ४ | ५ | 30 |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | सिद्दभगवती मा वि | आलिताल-६, दोबाटा | 41 | ० | ० | १ | १ | २ | २ | 21 |
| २० | कृष्ण प्रा वि | आलिताल-७, थली | 9 | ० | १ | ० | ० | १ | १ | 9 |
| २१ | कृष्णकालिका मा वि | आलिताल-४, भीमनगर | 86 | १ | ० | २ | ० | २ | ३ | 29 |
| २२ | भीमदत्त प्रा वि | आलिताल-४, रजौडा | 35 | २ | ० | ० | ० | ० | २ | 18 |
| २३ | आदर्श प्रा वि | आलिताल-३, मैनाथला | 35 | २ | ० | ० | ० | ० | २ | 18 |
| २४ | हरियाली प्रा वि | आलिताल-३, बाण्डाले | 25 | २ | ० | ० | ० | ० | २ | 13 |
| २५ | एकता प्रा वि | आलिताल-४, कोइलानी | 23 | १ | ० | ० | ० | ० | १ | 23 |
| २६ | समैजी प्रा वि | आलिताल-३, कान्तिपुर | 35 | ० | ० | ० | | ० | ० | 0 |
| २७ | घट्टीगाड प्रा.वि. | आलिताल-६, घट्टीगाड | 15 | ० | ० | ० | ० | 0 | 0 | 0 |
| २८ | समैजेश्वर प्रा वि | आलिताल-३, सेला | 42 | ० | २ | १ | ० | ३ | ३ | 14 |
| २९ | बर्मचारी प्रा वि | आलिताल-3, किमोडी | 9 | ० | २ | ० | ० | २ | २ | 5 |
| ३० | जनज्योति आ वि | आलिताल-१, सियला | 64 | १ | ० | २ | ० | २ | ३ | 21 |
| ३१ | उनैसेरी आ वि | आलिताल-२, काफली | 38 | २ | १ | ० | ० | १ | ३ | 13 |
| ३२ | डोब्लिङ्ग प्रा वि | आलिताल-३, कुलेडी | 45 | ० | १ | १ | ० | २ | २ | 23 |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३३ | कैलपाल प्रा वि | आलिताल-२, किमाड | 51 | १ | १ | १ | ० | २ | ३ | 17 |
| ३४ | उणिकोट मा वि | आलिताल-२, गाङ्बेत | 73 | १ | ० | ३ | ० | ३ | ४ | 18 |
| ३५ | भुवनेश्वरी मा वि | आलिताल-१, हर्तोला | 67 | १ | ० | ३ | ० | ३ | ४ | 17 |
| ३६ | असिग्राम प्रा वि | आलिताल-३, तुङ्गा | 10 | ० | २ | | | २ | २ | 5 |
| ३७ | जनता प्रा वि | आलिताल-१, बन्ताल | 37 | १ | १ | १ | ० | २ | ३ | 12 |
| ३८ | असिग्राम प्रा वि | आलिताल-२, गाङ्बेत | 26 | १ | ० | ० | ० | ० | १ | 26 |
| ३९ | चित्रकुट प्रा वि | आलिताल-१, लामीचौर | 46 | २ | ० | ० | ० | ० | २ | 23 |
| ४० | बसन्त प्रा वि | आलिताल-२, बोरगाउँ | 19 | ० | ० | १ | ० | १ | १ | 19 |
| ४१ | महाभारत प्रा वि | आलिताल-२, कनेडी | 15 | ० | १ | ० | ० | १ | १ | 15 |
| ४२ | सिद्दबाबा प्रा वि | आलिताल-१, निकाने | 19 | ० | ० | ० | ० | ० | ० | |
| क्र.सं. | विद्यालय | ठेगाना | कक्षा ६-८ सम्म जम्मा विद्यार्थी सङ्ख्या | हाल कायम रहेको शिक्षक दरवन्दी | | | | | अनुपात | |
| | | | | राहत | स्वीकृत दरवन्दी | | | जम्मा | | |
| | | | | | करार | स्थायी | जम्मा | | | |
| २ | जनज्योति आवि | आलिताल-६, हामटड | ११७ | ० | ० | ० | ० | | 0 | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | शङ्करकेदार आवि | आलिताल-६, झरकाँडा | ७३ | ० | ० | ० | ० | ० | 0 | |
| ५ | बालकल्याण आवि | आलिताल-५, बाहिरीसैन | ७७ | १ | ० | ० | ० | १ | 77 | |
| ६ | गणेश आवि | आलिताल-६, धिमाड | ५२ | ० | ० | ० | ० | ० | 0 | |
| ७ | दुर्गा मावि | आलिताल-८, आलिताल | ११३ | १ | | ३ | ३ | ४ | 28 | |
| १० | सरस्वती आवि | आलिताल-५, भित्रीसैन | ६९ | ० | ० | ० | ० | ० | 0 | |
| १३ | जनज्योति आवि | आलिताल-१, सियला | २० | ० | ० | ० | ० | ० | 0 | |
| १४ | उनैसेरी आवि | आलिताल-२, काफली | २६ | ० | ० | ० | ० | ० | 0 | |
| १७ | भुवनेश्वरी मावि | आलिताल-१, हर्तोला | ६३ | ० | ० | ३ | ३ | ३ | 21 | |
| जम्मा | | | १३७९ | ६ | ३ | १७ | २० | २६ | 53 | |
| क्र.स | विद्यालयको नाम | ठेगाना | विद्यार्थी संख्या वि. स. २०७८ | शिक्षक विवरण | | | | | अनुपात | |
| | | | | राहत | करार | सविक उ.मा.वि तर्फ करार | स्थायी | जम्मा | | |
| १ | गौरीशङ्कर मावि | आलिताल-७, मेलगाँजा | ५१ | ० | ० | ० | ० | ० | ० | |
| ३ | महादेव मावि | आलिताल-७, खिन्नेभाडी | ८८ | | ० | ० | | ० | ० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | सरस्वती आवि | आलिताल-५, भित्रीसैन | ७० | | ० | ० | | ० | ० | |
| ६ | सिद्दभगवती मावि | आलिताल-६, दोबाटा | ६७ | | ० | ० | | ० | ० | |
| ८ | उणिकोट मावि | आलिताल-२, आलिताल | ७४ | २ | १ | ० | | ३ | 25 | |
| ९ | भुवनेश्वरी मावि | आलिताल-१, हर्तोला | ४० | | ० | ० | | ० | ० | |
| जम्मा | | | ११४५ | ६ | ६ | ४ | ४ | १६ | 72 | |

२३ **योजना परिवर्तन :**

कार्यालयले उपलव्ध गराएको विवरण अनुसार नगरसभाबाट पारित भएका योजना मध्ये ५४ वटा योजना परिवर्तन गरी ७० ओटा योजना सञ्चालन गरेको देखियो । योजना परिवर्तन गर्नुपर्नाको कारण उल्लेख छैन । पुँजीगत निर्माणको कामबाट स्वास्थ्य चौकिलाई औषधी खरिद एवं बादी समुदायमा भोज भतेरको लागि भाडा खरिदगरेको समेत देखियो । यस्तो परम्परा नियन्त्रण हुनुपर्दछ ।

२४ **उपभोक्ता मार्फत भएको काम सम्बन्धमा :**

२४.१ **हेभी इक्विपमेण्टको प्रयोग–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन।

| **गोभौनं./मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** | **सप्लायर्स** | **हेभी उपकरणमा भएको खर्च** |
|---|---|---|---|---|---|
| ३४/०७९।३।१२ | चनला पड्याम सडक निर्माण उ.स. | सडक ट्रेक खोलेको | ४८००००। | लक्ष्मी कन्सट्रकस्न | ४६३०००। |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>६४/०७९।३।२५</td><td>गौजना खेल मैदान निर्माण उ.स.</td><td>खेल मैदान निर्माण</td><td>२९१२१९</td><td>जय सिंगास निर्माण सेवा</td><td>३२३५७७।</td></tr>
<tr><td>४२/०७९।३।२३</td><td>झुरकाँडा देखी वडा कार्यालय</td><td>सडक ट्रेक खोलेको</td><td>६०५८५८।</td><td>भवानी युवराज निर्माण सेवा</td><td>६०५८५८।</td></tr>
<tr><td>२९/०७९।३।५</td><td>तेकुन डाँडा ख र्क ग्रामिण सडक</td><td>सडक ट्रेक खोलेको</td><td>४७०४५०।</td><td>नायल कन्ट्रक्शन</td><td>४५४०००।</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>१६४३२६९।-</td></tr>
</table>
<br>
नियमाबलीको व्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।
</td>
<td></td>
</tr>
<tr>
<td>२४.२</td>
<td></td>
<td></td>
<td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।</td>
<td></td>
</tr>
<tr>
<td>२४.३</td>
<td></td>
<td></td>
<td>प्राविधिक बिल र कार्य सम्पन्नः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>२५</td>
<td></td>
<td></td>
<td>पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च–<br><br>पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग</td>
<td></td>
</tr>
</table>

गर्नुपर्दछ। यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु. १८६०७९७।०४ भुक्तानी दिएको पाईयो ।

| सि.नं. | वडा नं. | कार्यक्रम | रकम |
|---|---|---|---|
| १ | १ | नारी पर्व व्यवस्थापन कार्यक्रम | ३५००० |
| २ | १ | गांखेत प्रहरी चोकी व्यवस्थापन खर्च | २०००० |
| ३ | २ | प्रहरी चौकी गांखेत व्यवस्थापन | १५००० |
| ४ | ४ | जेष्ठ नागरिक तथा हिन्दु संघ अवलोकन | २००००० |
| ५ | ४ | स्थानीय मेला तथा संस्कृति जगेर्ना कार्यक्रम | ५०००० |
| ६ | ५ | युवा स्वरोजगार कार्यक्रम | ३००००० |
| ७ | ६ | अस्थायी प्रहरी पोष्ट धिमडा व्यवस्थापन | ५०००० |
| ८ | ६ | कैलपाल बाखा फर्मका लागि बाखा खरिद | ४०००० |
| ९ | ६ | सिलाई मसिन खरिद | ४०००० |
| १० | ७ | तीज गौरा जात्रा पर्व व्यवस्थापन | ५०००० |
| ११ | ७ | युवा क्लवलाई सहयोग | २५०००० |
| १२ | ८ | क्यालेण्डर छपाई | ५०००० |
| १३ | ८ | दिवस तथा चाडपर्व कार्यक्रम | ५०००० |
| | जम्मा | | ११५०००० |

२६ **सवारीसाधन खरिद —**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ३ थान दुई पांग्रे सवारि साधन खरिदमा रु.१०१६५०० ।- बजेटबाट खर्च भएको छ ।

| सि.नं | सवारी साधन | संख्या | भौचर नं. र मिति | रकम |
|---|---|---|---|---|
| १ | मोटरसाइकल | १ | १५७ र १२।२४ | ३५१७००। |
| २ | मोटरसाइकल | १ | २३५ र ३।१५ | २७४९००। |
| ३ | मोटरसाइकल | १ | २७७ र ३।२५ | ४३९९००। |
| | जम्मा | ३ | | १०१६५००। |

२७

**मु अ कर बिजक विना भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९(१) मा रु २००००।– बीस हजार भन्दा बढीको खरिद गर्न मु अ करमा दर्ता भएको संग गराउनुपर्ने व्यवस्था रहेकोछ । यस गाउँपालिकाले नियम अनुसार मु अ करमा दर्ता नभएको संग सेवा लिइएको देखिएकोले यस्तोकार्यमा नियन्त्रण हुनुपर्दछ ।

| भौचर नं | मिति | सप्लायर्स | रकम |
|---|---|---|---|
| ६९३ | २०७९।०१।११ | लिला होटल एण्ड लज | १३५४५० |
| ९८७ | २०७९।०३।२२ | किरन गारमेन्ट एण्ड वस्त्रालय | ३३६५० |
| १०२५ | २०७९।०३।२४ | सिद्धबाबा सुन चाँदी पसल | ५०५०० |
| १०२६ | २०७९।०३।२४ | कैलपाल बिजुली सेन्टर | ३८८५० |
| १०८७ | २०७९।०३।२५ | एन होटल एण्ड लज | ६०००० |
| १८८ | २०७८।१२।२१ | निरज मदिरा एण्ड नास्ता पसल | ४३५३० |
| जम्मा | | | ३६१९८० |

२८

**आ.ले.प. बेरुजु :** ४२६,८३१

आ.ले.प. बेरुजु : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को नियम ८५ मा आन्तरिक लेखापरीक्षण कायम बेरुजु अन्तिम लेखापरीक्षण हुनु सम्मफर्छ्यौट भइसक्नु पर्ने व्यवस्था छ । पालिकाको आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित निम्नानुसारको व्यहोराहरु लेखापरीक्षण अवधि सम्म फर्छ्यौट नभएकोले नियमानुसार फर्छ्यौट हुनु पर्दछ ।आ.ले.प. बेरुजु : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को नियम ८५ मा आन्तरिक लेखापरीक्षण कायम बेरुजु अन्तिम लेखापरीक्षण हुनु सम्मफर्छ्यौट भइसक्नु पर्ने व्यवस्था छ । पालिकाको

आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित निम्नानुसारको व्यहोराहरु लेखापरीक्षण अवधि सम्म फर्छ्यौट नभएकोले नियमानुसार फर्छ्यौट हुनु पर्दछ ।

| बेरुजुको व्यहोरा | भौचर नं. | मिति | रकम |
|---|---|---|---|
| विल भरपाई भन्दा बढी भुक्तानी लिएकोले धन बहादुर मडैबाट असुल हुनुपर्ने | ३७४ | ०७८।१०।२० | ७७०। |
| मर्मत विल विश्वनीय नदेखिएकोले वडा सचिव उत्तरी साउँदबाट असुल हुनुपर्ने | ४८३ | ०७८।१२।७ | ६४२५। |
| सम्झौता भन्दा बढी रकम सहायक रेफ्रि धिरेन्द्र कुमार बोहराबाट असुल हुनुपर्ने | ४६६ | ०७८।१२।२ | १५३०। |
| सम्झौता भन्दा बढी रकम सहायक रेफ्रि पदम बहादुर डालाबाट असुल हुनुपर्ने | ४७७ | ०७८।१२।२ | १५३०। |
| सम्झौता भन्दा बढी रकम सहायक रेफ्रि लाल बहादुर बोहराबाट असुल हुनुपर्ने | ५१४ | ०७८।१२।१० | १५३०। |
| जिल्ला दररेट भन्दा बढी भुक्तानी असिग्राम मन्दिर व्यवस्थापन समितिबाट असुल हुनुपर्ने | ५४१ | ०७८।१२।१४ | ९०००। |
| लिपुलेक भिडियो एण्ड टेक्नोलोजि प्रा.लि, डडेल्धुराले भिडियो डकुमेन्ट्री पेश नगरी भुक्तानी लिएकोले | ५६६ | ०७८।१२।१६ | १५००००। |
| भिडियो डकुमेन्ट्री पेश गर्नुपर्ने | | | |
| रेडियो सुदुर आवाज ९५ मेगाहर्जले प्रशारित सामाग्री पेश नगरी भुक्तानी लिएकोले प्रशारित सामाग्री पेश गर्नुपर्ने | ५९५ | ०७८।१२।२२ | १०००००। |
| प्रशिक्षण भत्ता वाफत बढी रकम भुक्तानी लिएको वडा सचिव लोक राज सोतिबाट असुल गर्नुपर्ने | ६११ | ०७८।१२।२३ | ११००। |
| उपस्थिति भन्दा बढी व्यक्तिहरुको खाजा र खानाको भुक्तानी लिएको सु.प्र.अ.नवराज ओझाबाट असुल गर्नुपर्ने | ७०५ | ०७९।१।१४ | १८६००। |
| नियम विपरित विल पेश गरी भुक्तानी लिएकोले सु.प्र.अ.नवराज ओझाबाट असुल गर्नुपर्ने | ७९५ | ०७९।२।३१ | २३२०। |
| नियम विपरितका विल पेश गरी भुक्तानी लिएको रु ४३८०। र वहाल कर ५००। वडा सचिव लाल बहादुर मडैबाट असुल गर्नुपर्ने | ८७६ | ०७९।२।३१ | ४८८०। |
| नियम विपरित माइन्युट पेश गरी भुक्तानी लिएको रकम ममता शाहबाट असुल गर्नुपर्ने | ९४५ | ०७९।३।१९ | ३०००। |
| विना आधार विल पेश गरी भुक्तानी लिएको रकम वडा सचिव लाल बहादुर मडैबाट असुल गर्नुपर्ने | ९८५ | ०७९।३।२९ | ४०००। |

| | | | |
|---|---|---|---|
| अनुगमन वाफतको रकममा विल भरपाई भन्दा बढी रकम भुक्तानी लिएको रकम सु.प्र.अ.नवराज ओझाबाट असुल गर्नुपर्ने | १०४१ | ०७९।३।२५ | ८६९५ |
| नियम विपरित सवारी साधन मर्मत खर्च भुक्तानी लिएको रकम का.स.नारायण सिंह ऐरबाट असुल गर्नुपर्ने | १०६३ | ०७९।३।२५ | ९४६५। |
| जिल्ला दररेट भन्दा अदक्ष कामदारको प्रति दिन ज्याला बढी दिएकोले वडा सचिव उत्तरी साउँदबाट असुल गर्नुपर्ने | १०७० | ०७९।३।२५ | १९००। |
| खर्चको विल भन्दा बढी भुक्तानी लिएको रकम सि.अ.हे.व.धन बहादुर क्षेत्रीबाट असुल गर्नुपर्ने | ६९ | ०७८।८।२३ | ७००। |
| भरपाईमा सहि छाप विना भुक्तानी लिएको रकम कृषि शाखा प्रमुख लक्ष्मण कामीबाट असुल गर्नुपर्ने | ८४ | ०७८।१०।०५ | १०००। |
| पारिश्रमिक कर रकम वरिष्ठ वैद्य अमर बहादुर विष्टसँग असुल गर्नुपर्ने | ८५ | ०७८।१०।६ | २२५०। |
| निर्देशिका विपरित दैनिक शेशनमा बढी भुक्तानी लिएकोले अ.न.मि.डिम्पल ठकुल्लाबाट असुल गर्नुपर्ने | २२४ | ०७९।१।८ | ५९५। |
| खर्चको विल भन्दा भुक्तानी बढी लिएकोले अ.हे.ब.ईश्वरी बडुबाट असुल गर्नुपर्ने | २३२ | ०७९।१।९ | ६०५। |
| बैठकमा नियमानुसारको पारिश्रमिक कर कम बुझाएको हुनाले धन बहादुर मडैबाट असुल गर्नुपर्ने | २३४ | ०७९।१।९ | १८००। |
| अभिमुखीकरण गोष्ठीको पारिश्रमिक कर नबुझाएकोले सि.अ.न.मि. पार्वति विष्टबाट असुल गर्नुपर्ने | २९८ | ०७९।२।२६ | ६३४ |
| कार्यालयले भुक्तानी बढी दिएको रकम मकै विँउ उत्पादन पकेट समिति वडा नं. ५बाट असुल गर्नुपर्ने | ३२० | ०७९।३।५ | ११४४८ |
| विल रकम भन्दा बढी भुक्तानी लिएको रकम सि.अ.न.मि. पार्वति विष्टबाट असुल गर्नुपर्ने | ३३५ | ०७९।३।१२ | २००० |
| कार्यालयले बढी भुक्तानी गरेको रकम बाँस कृषक समुह वडा नं. वाट असुल गर्नुपर्ने | ३८५ | ०७९।३।२० | २७८२४ |
| खानेपानी पाईप खरीदमा अग्रिम आयकर वडा सचिव उत्तरी साउँदबाट असुल गर्नुपर्ने | १०७ | ०७८।१२।७ | २६५५ |
| अग्रिम आयकर गौरीशंकर मा.वि.मेलगाँजाबाट असुल गर्नुपर्ने | ३१ | ०७९।३।५ | १४२५ |
| कुल जम्मा | | | ४२६८३१ |

<table>
<tr>
<td>२९</td>
<td></td>
<td></td>
<td>
पेश्की बाँकी :<br><br>
आर्थिक कार्यविधि नियमावलि २०७४ को नियम २०७४ को नियम ७४-३_ मा पेश्की दिएको रकम म्याद भित्र फछ्र्यौंट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्त सम्म फछ्र्यौंट हुन बाकीं रहेका निम्नानुसार पेश्की रकम नियमानुसार फछ्र्यौंट गर्नुपर्ने रु
<table>
<tr><td colspan="4">म्याद ननाघेको पेश्की</td></tr>
<tr><td>सि नं</td><td>पेश्की लिनेको नाम</td><td>प्रयोजन</td><td>रकम</td></tr>
<tr><td>१</td><td>वाई आर पन्त जे.भी.</td><td></td><td>४००००००।</td></tr>
<tr><td>२</td><td>शेर बहादुर ढाँट</td><td></td><td>३२५००।</td></tr>
<tr><td>३</td><td>शेर बहादुर बोगटी</td><td></td><td>४०००००।</td></tr>
<tr><td>४</td><td>टेक बहादुर राना</td><td></td><td>१३९८०।</td></tr>
<tr><td>५</td><td>टेक बहादुर राना</td><td></td><td>१४०००।</td></tr>
<tr><td>६</td><td>शेर बहादुर बोगटी</td><td></td><td>२०००००।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४६६०४८०।</td></tr>
<tr><td colspan="4">म्याद नाघेको पेश्की</td></tr>
<tr><td>१</td><td>जोशिना खोला ट्रस पुल निर्माण उपभोक्ता समिति</td><td></td><td>३२४६०१।</td></tr>
<tr><td>२</td><td>उल्लानी खोला ट्रस पुल निर्माण उपभोक्ता समिति</td><td></td><td>२२५३८२।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५४९९८३।</td></tr>
</table>
</td>
<td>५४९,९८३</td>
</tr>
<tr>
<td>३०</td>
<td></td>
<td></td>
<td>
वितरणको भरपाई :<br><br>
सुदर पश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७६ को नियम ३७ (३ )बमोजिम खर्च लेख्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाले आमिलो जातको बोटविरुवा खरिद वापतको रकम हेमराज जोशीको पेश्की फर्छ्यौट गर्दा कुशल नर्सरीबाट खरिद भएका कागती २०००, सुन्तला २०० मौमी ५५० र दुधिलो २५० बोटविरुवा लाभग्राही समुदायलाई वितरण गरेको भरपाई पेश हुनु पर्नेमा पेश भएको पाइएन सो को प्रमाण पेश हुनुपर्ने रु
</td>
<td>४०३,५५०</td>
</tr>
</table>

३१ **सोझै खरिद :**

३१.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१)ख ले एउटै फर्म कम्पनि र संस्थाबाट एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरेर ५ लाख भन्दा बढी लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न नसकिने व्यवस्था गरेकोमा यस पालिकाले एउटै फर्म उग्रतारा ट्रेडीङ हाउस बाट ५ लाख भन्दा बढी रकम को मसलन्द तथा कार्यालय सामान रु ७५०५३९ को खरिद गरेकोले अनियमित देखिएको रु — ७५०,५३९

| भौ नं | मिति | सप्लायर्सको नाम | रकम |
|---|---|---|---|
| १२३ | २०७८।०७।१५ | मसलन्द सामाग्री खरिद | ४८९०० |
| १९९ | २०७८।०८।१३ | कार्यालय सामान खरिद | १३९७५३ |
| ३७७ | २०७८।१०।२० | मसलन्द सामाग्री खरिद वापतको रकम | ३१६९५९ |
| ४५४ | २०७८।११।३० | कार्यालय सामान खरिद वापतकोरकम | ३१६९५९। |
| ६३१ | २०७८।१२।२४ | कार्यालय सामान खरिद वापतको रकम भुक्तानी | ९९१६८। |
| ८३७ | २०७९।०३।०३ | मसलन्द सामाग्री खरिद वापतको रकम उग्रतारा ट्रेडिङलाई भुक्तानि | २४४९२७। |

३१.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१) मा रु ५ लाख रुपैंया सम्म लागत अनुमान भएको मालसामान खरिद गर्न पाईने व्यवस्था गरर्को भए पनि कार्यालयले कार्यालय सामान रु ३३४ लाख ४३ हजार विनियोजन गरी विभिन्न ११० व्यक्ति तथा सप्लायर्सलाई मसलन्द तथा कार्यालाय सामाग्री बापत रु २९ लाख ६ हजार ८८७ खर्च गरेको पाइएको छ । यसरी खरिद गर्नुपर्दा खरिद योजना तयार गरी सिलबन्दी दरभाउबाट खरिद गर्नुपर्दछ ।

३२ **चौमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र.स.स | बजेट उपशिर्षक | कुल खर्च | खर्च (%) | चौमासिक खर्च | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | खर्च (%) | दोस्रो चौमासिक | खर्च (%) | तेश्रो चौमासिक | खर्च (%) | आषाढ महिना | खर्च (%) |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | चालु खर्चतर्फ | २८३९२७३६६.१ | १०० | ५९१२४९००.२४ | २०.८२ | ६१२६४८९१.१६ | २१.५८ | १६३५३७६७४.७ | ५७.६० | ८६४५१०६८.४४ | ३०.४५ |
| २ | पूँजिगत खर्चतर्फ | १४९४१८३२३.८ | १०० | ६३५१६४१.२ | ४.२५ | २६१२०७३५ | १७.५ | ११६९४५९४७.६ | ७८.२७ | ६९३२६९४९.६४ | ४६.४ |
| ३ | कुल खर्च | ४३३३४५६८९.९ | १०० | ६५४७६५४१.४४ | १५.११ | ८७३८५६२६.१६ | २०.१७ | २८०४८३५२२.३ | ६४.७३ | १५५७७८०१८.१ | ३५.९५ |

गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.४३३३४५६८९.९ हजारमा निकासा भएकोमा प्रथम चौमासिकमा रु. ६५४७६५४१.४४ हजारमा अर्थात १५.११ प्रतिशत, दोश्रो चौमासिकमा रु ८७३८५७२६.१६ अर्थात २०.१७ तिशत र तेश्रो चौमासिकमा रु हजारमा २८०४८३५२२.३, अर्थात ६४.७३ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. हजारमा १५५७७८०१८.१ अर्थात ३५.९५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

३३

**स्थानीय तहका पदाधिकारी सुविधा :**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.६६८५५००। सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष..८ जना | कार्यपालिका सदस्य ५ जना | सभाका सदस्य २७ जना |
|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | १०००।- | १०००।- | १०००।- | १०००।- | १०००।- |
| ३ | टेलिफोन,मोबाइल | ६०००।- | ५०००।- | ३५००।- | ३०००।- | २०००।- |
| ४ | पुस्तक,पत्रिका, ईन्टरनेट | ५०००।- | ४५००।- | ४०००।- | ३०००।- | २०००।- |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>५</td><td>समन्वय तथा सहजीकरण</td><td>९,०००।-</td><td>७०००।-</td><td>६०००।-</td><td>५०००।-</td><td>३०००।-</td></tr>
<tr><td>६</td><td>अतिथि सत्कार</td><td>१००००।-</td><td>९०००।-</td><td>७०००।-</td><td>-</td><td>-</td></tr>
<tr><td>७</td><td>खानेपानी/बिजुली/<br>सरसफाई</td><td>३५००।-</td><td>३०००।-</td><td>२०००।-</td><td>२०००।-</td><td>१०००।-</td></tr>
<tr><td>८</td><td>चाडपर्व खर्च</td><td>२५०००।-</td><td>२२५००।-</td><td>१६०००।-</td><td>९०००।-</td><td>७०००।-</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४२७०००।-</td><td>३६४५००।-</td><td>२२८५०००।-</td><td>८२५०००।</td><td>२७८१०००।</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>३४</td>
<td></td>
<td></td>
<td>बढी भत्ता भुक्तानी :<br><br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको च.नं. २९९ मिति २०७८।०२।२६ को पत्रानुसार सूचना प्रविधि अधिकृत नवराज ओझालाई भुक्तानी गरेको महङ्गी भत्ता र स्थानीय भत्ता को पारिश्रमिक ७५ % हुन आउने अधिकतम रु ३ लाख ६१ हजार निजसँग भएको करार सम्झौता हाजिरि विवरण तथा कार्य सम्पादनको आधारमा कार्यक्रमबाट सोधभर्ना पठाईने उल्लेख छ । बाँकी २५% तलब गाउँपालिकाबाट व्यहोर्नु पर्ने उल्लेख भएकोमा सम्झौता बेगर १२ महिनाको महङ्गी भत्ता वापत रु २४०००। र स्थानीय भत्ता वापत रु ४७२८०। गरी जम्मा ७१२८०। भुक्तानी लिएको रकम निजबाट असुल हुनु पर्ने रू.</td>
<td>७१,२८०</td>
</tr>
<tr>
<td>३५</td>
<td></td>
<td></td>
<td>संपरिक्षण<br><br>स्थलगत लेखापरीक्षणको क्रममा निम्नानुसारको बेरुजु संपरीक्षण भएको छ ।<br><br>
<table>
<tr><th>सि न</th><th>आ व</th><th>बेरुजु दफा</th><th>बेरुजुको संक्षिप्त व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>१</td><td>२०७५।७६</td><td>३०</td><td>आर्थिक सहायताः गाउंपालीकाले आर्थिक सहायता तथा राहत बितरण कार्यविधि २०७८ बनाई सभा बाट पारित भएकाले संपरिक्षण गरिएको</td><td>१५०००००</td></tr>
<tr><td>२</td><td>२०७५।७६</td><td>७२</td><td>बास्कोटा खतेचौर खा.पा.उ.स र गोदाम खानेपानी</td><td>९३२५४८०</td></tr>
</table>
</td>
<td></td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | उ.स.स.को नाममा रहेको पेश्की भौ.नं.१३१ मिति २०७८।०३।३० गौ.भौ.नं.३५ ०७७।१२।०५ पेश्की फछ्र्यौट भएको प्रमाण पेश भए बमोजिम संपरिक्षण गरिएको | |
| ३ | २०७६।७७ | १९ | गाउँपालिकाले आर्थिक सहायता तथा राहत वितरण कार्यविधि, २०७८ बनाई सभाबाट पारित समेत गरिसकेकोले बेरुजु सम्परीक्षण गरिएको छ । | १००००० |
| ४ | २०७६।७७ | ३४ | आर्थिक सहायता खर्चःगाउंपालिकाको आर्थिक सहायता तथा राहत बितरण कार्यबिधि २०७८ बनाई सभा बाट पारित समेत गरिसकेको ू | ३७४००० |
| ५ | २०७६।७७ | ४१ | दुर्गा माध्यमिक विद्यालय २ कोठे भवन निर्माण कार्य सम्पन्न प्रमाण पेश भइ आएअनुसार संपरिक्षण गरिएको । | ७००००० |
| ६ | २०७६।७७ | ४३ | लागत अनुमान कार्यक्रम पुुष्टाऐ प्रथम पेश भएको ू | १०४०२२ |
| ७ | २०७६।७७ | ४५ | उक्त भौचरसँग सम्बन्धित बिल भरपाईहरु संलग्न रहेकोले बेरुजु सम्परीक्षण गरिएको छ । | ९७४८१ |
| ८ | २०७६।७७ | ४६ | बहालकर बापत को रकम कट्टी नगरेको बेरुजु रहेकोमा | ३५६२० |

| | | | | |
|---|---|---|---|---|
| | | | सो दाखिला प्रमाण पेश गरे अनुसार संपरिक्षण गरिएको छ । | |
| ९ | २०७६।७७ | ५६ | थली जमराली खानेपानी स.स.उ.स थप पुष्ट्याइ बेगरको रकम बेरुजु रहेकोमा सो रकम असुल गरी बैंक दाखिला भएको | ५४८११ |
| ११ | २०७६।७७ | ६४ | नम्स भन्दा बढी भुक्तानी भएको रकम दाखिला भइ आए अनुसार संपरिक्षण गरिएको छ । | ३२२०० |
| १२ | २०७६।७७ | ८६ | डोजर भाडा वापतको रकम दाखिला गरि पेश भए अनुसार संपरिक्षण गरिएको छ । | ६४४०० |
| | | | कुल जम्मा | १२३८८०१४ |

३६ अनुगमन तथा सम्परीक्षण—

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्योट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्योट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| ९८३८८००० | १२३८८०१४ | ८५९९९९८६ |